# नोभल कोरोनाभाइरस COVID-19 बारे टोक्यो महानगरपालिकामा हुनेहरूलाई अनुरोध गरेको छ

○ हाल नोभल कोरोना COVID-19 बाट सङ्क्रमण हुने व्यक्तिको सङ्ख्या धेरै छ। अझै बढ्यो भने खतरानाक हुन्छ।
○ टोक्यो महानगरपालिकाले "कोरोना भाइरस फैलिन नदिन अपातकालीन उपायहरू" अपनाउनेछ। हालको अवस्थामा महत्त्वपूर्ण कुरा भनेको सकेसम्म घरमै बस्ने र घरबाट ननिस्कने हो। मान्छेहरू यताउता नजाने हो। अनि अरूलाई भेट्ने, कुराकानी गर्ने जस्तो कार्यहरू नगर्ने हो।
○ आफ्नो जीवनशैली परिवर्तन गर्नुहोस्, जसले गर्दा नोभल कोरोना COVID-19 अरूलाई सर्न पाउँदैन।

**कहिलेदेखि कहिलेसम्म?** जुन 21 तारिख (सोमबार) बिहान 0 बजेदेखि जुलाइ 11 तारिख (आइतबार) रातिको 12 बजेसम्म

## अनुरोध

**महानगरपालिकाका बासिन्दाहरू**

<u>घरमा बस्नुहोस्</u>

○ सकेसम्म दिनमा वा राती घरमै बस्नुहोस्। सकेसम्म बाहिर नजानुहोस्।

○ धेरै मान्छे हुने समयमा वा धेरै मान्छे भएको ठाउँमा बाहिर नजानुहोस्।

○ रेस्टुरेन्ट आदि जाँदा नयाँ कोरोना COVID-19 को संक्रमण हुन नदिने पसल छान्नुहोस्।

○ रेस्टुरेन्ट आदिमा मदिरा पिउँदा 2 वा सोभन्दा कम मानिस मात्र जानुहोस्।
अनि 90 मिनेटसम्म मात्र बस्नुहोस्।

**पसल सञ्चालकहरू**

<u>पसल बन्द गर्ने समय छोटो पार्ने, इभेन्ट आदिबारे अनुरोध</u>

※अर्को पानामा हेर्नुहोस्

一般財団法人
東京都つながり創生財団
Tokyo Metropolitan Foundation "TSUNAGARI"

# अनुरोध गरिने सुविधाहरू (रेस्टुरेन्ट ・ कफि सप आदि)

<table>
<tr><th>सुविधा</th><th>अनुरोध गरिने कुराहरू</th></tr>
<tr><td>【रेस्टुरेन्ट】<br>रेस्टुरेन्ट (इजाकाया पनि) ・<br>कफि सप आदि<br>(होम डेलिभरी वा टेक-आउट सेवाबाहेक)</td>
<td rowspan="3">

● पसल खोल्न सकिने समय : बिहान **5 बजेदेखि 8 बजेसम्म**<br>(हिनोहोरा गाउँ, ओकुतामा सहर र टापु क्षेत्रहरू: बिहान **5 बजेदेखि राति 9 बजेसम्म**)<br><br>● मदिरा उपलब्ध हुने पसल (✓ सबै आवश्यक छ)<br>✓ “सङ्क्रमण रोकथाम पूर्ण घोषणा स्टिकर” टाँसिएको छ<br>✓ “कोरोना प्रतिकार लिडर” को तालिम पाएको व्यक्ति छ<br>✓ टोक्यो महानगरपालिकाको चेकलिस्ट चेक गरेर पसलअगाडि टाँसिएको छ<br><br><br><br>सङ्क्रमण रोकथाम पूर्ण घोषणा स्टिकर<br><br><मदिरा उपलब्ध गराइन्छ भने><br>✓ **2 जना सम्म**<br>✓ मदिरा उपलब्ध गराइने समय: **बिहान 11 बजेदेखि बेलुका 7 बजेसम्म**<br>(हिनोहोरा गाउँ, ओकुतामा सहर र टापु क्षेत्रहरू: बिहान 11 बजेदेखि राति 8 बजेसम्म)<br><br>● पसलमा बस्न सकिने समय: **90 मिनेट वा कम**<br><br>※नयाँ कोरोना COVID-19 सङ्क्रमणको सङ्ख्या बढेमा यसलाई छाँटकाँट गरिनेछ।<br><br>● कारावके नगर्नुहोस्।

</td></tr>
<tr><td>【मनोरञ्जन सुविधा आदि】<br>काबारेट, स्न्याक बार (cabaret, snack) आदि</td></tr>
<tr><td>【सभा स्थल आदि】<br>विवाह हल</td></tr>
</table>

# अनुरोध गरिने सुविधाहरू

<table>
<tr><th></th><th>सुविधा-उदाहरण</th><th>अनुरोध गरिने कुराहरू</th></tr>
<tr><td rowspan="4">सुविधा<br>-पसल</td><td>डिपार्टमेन्ट स्टोर·<br>सपिङ सेन्टर आदि<br>(दैनिक जीवनको लागि आवश्यक स्टोरहरू बाहेक)</td><td rowspan="4">● पसलहरू खोल्ने समय (दैनिक जीवनको लागि आवश्यक स्टोरहरू बाहेक) )<br>1,000 $m^2$ भन्दा फराकिलो सुविधा: बिहानको 5 बजेदेखि राति 8 बजेसम्म<br>1,000 $m^2$ वा सोभन्दा सानो सुविधा: सम्भव भएसम्म बिहानको 5 बजेदेखि राति 8 बजेसम्म<br>(हिनोहोरा गाउँ, ओकुतामा सहर र टापु क्षेत्रहरू: सम्भव भएसम्म बिहान 5 बजेदेखि राति 9 बजेसम्म)<br><br>● पसलमा प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या कम गराउनुहोस्।※<br><br>● मदिरा उपलब्ध नगराउनुहोस्।※<br><br>● ग्राहकले पसलमा मदिरा लिएर जान पाउँदैन।※<br><br>● “व्यवसायको निर्देशन” पछ्याउनुहोस्।<br><br>※हिनोहोरा गाउँ, ओकुतामा सहर र टापु क्षेत्रहरूमा हुनेहरूलाई सकेजति अनुरोध गरेको छ।।</td></tr>
<tr><td>पाचिन्को पसल,<br>गेम सेन्टर आदि</td></tr>
<tr><td>व्यक्तिगत कोठा भएको बाथ व्यवसायसँग सम्बन्धित पब्लिक बाथहाउस, व्यक्तिगत कोठा भएको भिडियो पसल आदि</td></tr>
<tr><td>सुपर पब्लिक बाथ, सोन्दर्य सेवा उद्योग आदि</td></tr>
</table>

# अनुरोध गरिने सुविधाहरू (इभेन्ट आदि)

| | सुविधा - उदाहरण | अनुरोध गरिएका कुराहरू |
|---|---|---|
| सुविधा -इभेन्टहरू | सङ्ग्रहालय, कला सङ्ग्रहालय, चिडियाखाना आदि<br>बेसबल फिल्ड, व्यायामशाला, खेलकुद क्लब आदि<br>मुभि थिएटर, थिएटर, मनोरञ्जन हल आदि<br>थिम पार्क, मनोरञ्जन पार्क<br>सम्मेलन हल, पब्लिक हल आदि<br>प्रदर्शनालय, साँस्कृतिक सेन्टर आदि<br>होटेल, न्योकान (ब्याङ्क्वेट हल मात्र) | ● ग्राहक सङ्ख्या 5,000 वा सो भन्दा कम हुनुपर्छ।※<br>चर्को कराउने किसिमको इभेन्ट हो भने प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्याको 50% ग्राहकहरू मात्र जान सकिन्छ।※<br>चर्को कराउने किसिमको इभेन्ट होइन भने प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्याको 100% ग्राहकहरू जान सकिन्छ।※<br>● सुविधा खोल्न सक्ने समय<br>इभेन्ट भएको बेला : राति 9 बजेसम्म<br>कुनै पनि इभेन्ट नभएको बेला : राति 8 बजेसम्म<br>(हिनोहोरा गाउँ, ओकुतामा सहर र टापु क्षेत्रहरू: राति 9 बजेसम्म※)<br>● सुविधाभित्र छिर्ने मानिसहरूको सङ्ख्या कम गराउनुहोस्।※<br>● मदिरा उपलब्ध नगराउनुहोस्।※<br>● ग्राहकले सुविधाभित्र मदिरा लिएर जान पाउँदैन।※<br>● "व्यवसायको निर्देशन" पछ्याउनुहोस्।<br>※हिनोहोरा गाउँ, ओकुतामा सहर र टापु क्षेत्रहरूमा हुनेहरूलाई सकेजति अनुरोध गरेको छ। |